# Newsletter

June 2023



## Namaste from Peace Corps/Nepal!

We are excited to share the news that the 208th group of Peace Corps Volunteers to serve in Nepal arrived on June 11, 2023. This group is the first to return since the start of the Covid-19 pandemic, and we are so pleased to welcome them and start their pre-service training. This group of English Education and Food Security Volunteers – 21 in total – are currently in training learning Nepali and technical skills and will arrive at their sites in three months.

Also in this issue, we provide information on the activities staff are leading in partnership with Nepali communities including trainings with municipal governments and schools.

We thank you for your interest in our programs and collaboration with the government and people of Nepal.

Troy Kofroth, Country Director, Peace Corps/Nepal

## 208th Group of Peace Corps Volunteers Arrive in Nepal



*"With more than 60-year partnership between the Government of Nepal and Peace Corps, we are pleased to welcome this first batch of Volunteers to return to service in Nepal after more than three years.*

*Peace Corps Volunteers working in rural locations throughout Nepal and in partnership with their communities demonstrate the strong and growing bonds between our two countries."*

Jason Meeks,
Chargé d'Affaires

The new trainees will undergo eleven weeks of intensive language, cross-cultural and technical training in Kavrepalanchowk District in preparation for their two-year service.

After completing their training, the Volunteers will be assigned to five districts in Gandaki and Bagmati Provinces to teach English in government schools and to work on food security, and health projects in coordination with the Ministries of Education, Science and Technology, Health and Population, and Agriculture and Livestock Development.

## PEACE CORPS

Established in 1961 by John F. Kennedy, President of the United States of America, Peace Corps is an international network of Volunteers, community members, host country partners, and staff who each have a unique service journey, defined by an enduring desire to learn, and grow. Since its establishment, the Peace Corps has been guided by a mission of world peace and friendship.

Peace Corps has been partnering with the government of Nepal and collaborating with Nepali communities and individuals since 1962. At the invitation of the government of Nepal, Peace Corps Volunteers work alongside community members on locally prioritized projects that build relationships, promote knowledge exchange, and make a lasting and measurable impact.

Nearly 4,000 Americans have come to serve as Volunteers in Nepal over the past 60 years.

## Current Projects in Nepal

Peace Corps currently has two active projects in Nepal:



Education Volunteers teach Grades 4-8 English in rural or peri-urban government schools.



Food Security Volunteers work alongside host country counterparts to promote food and nutrition security of smallholder farming households with women of reproductive age.

# Program Highlights (January - June 2023)

Government and community engagement: In preparation to Volunteers' arrival, the focus of Peace Corps/Nepal had been to strengthen relationships with government and community stakeholders.

- Conducted 13 in-person and virtual sessions with teachers, principals, female community health Volunteers (FCHVs), rural farmers, and municipal government officials from Volunteer placement sites. They will serve as Volunteers' local counterparts and supervisors.
- Conducted various representational events with government officials for building and reinforcing professional relationships with them.



Virtual Service Pilot Project: During the time of COVID-19, when Volunteers were not in Nepal, Peace Corps/Nepal initiated a Virtual Service Pilot (VSP) program where private US citizens would contribute up to 5-15 hours per week collaborating with Nepali counterparts through virtual engagement. In 2022, fifteen VSP participants served 29 counterparts in Nepal virtually. We currently have two VSP participants engaged with four schools, while a Food Security VSP will start from June. VSP programs in Nepal are aimed at collaborating with government schools and leader farmers in interested communities where Volunteers could not be physically present. Education VSPs collaborate with counterpart teachers on general and English teaching skills, while Food Security VSPs collaborate with leader farmers on agriculture-based income generation activities. Click HERE to know more about the VSP Program.



Site Preparation: In coordination with the government and community stakeholders, Peace Corps/Nepal has prioritized more than 70 Volunteer worksites for the groups 208 and 209. While the group N208 arrived in June 2023, the next cohort (N209) is planned for January 2024. These two groups will be placed in the districts of Kavrepalanchowk, Syangja, Kaski, Gorkha, Sindhuli, Lamjung, Parbat, Myagdi, Arghakhanchi, and Surkhet districts. The selection of sites, both for Food Security and Education projects, are based on programmatic needs, safety and medical criteria, and prevalence of traditionally marginalized populations.



## Other Initiatives:

- Response Program: Peace Corps/Nepal has been approved to launch a Response Program with the first group of 4-6 Response Volunteers (PCRVs) projected to arrive in May 2024, followed by up to 12 PCRVs in the fiscal year 2025. The Response Program in Nepal will be promoting economic development through tourism promotion, enhancing research activities at Agriculture colleges, and supporting information technology (IT) initiatives at government schools. Click HERE to know more about the Response Program.

- Environment Focus: Given Nepal's vulnerability to climate change impacts, Peace Corps/Nepal is seeking to integrate environment programming into our work, either in existing projects or potentially a new project. We are currently undertaking a project feasibility study in collaboration with the concerned government ministries and Peace Corps/ Washington. Once approved, we aim at developing the project framework and implementation guidelines for Environment activities for Volunteers.

## Volunteer Corner



Click HERE to read the story from our Returned Peace Corps Volunteer, Mika Ulmet (2019-2020), "*Forging Lasting Connections in a Post-Pandemic World*."

Peace Corps Nepal, Kathmandu
Chakrapath, Maharajgunj
Phone: +977 1 401 6027
Email: InfoNepal@peacecorps.gov

**Follow us on:**

# समाचारपत्र

जेष्ठ २०८०



## पीस कोरको तर्फबाट यहाँहरुलाई नमस्ते !

पीस कोर स्वयंसेवकहरुको २०८ औं समूह जेष्ठ २८,२०८० मा नेपाल आइपुगेको खबर सुनाउँदा हामी धेरै उत्साहित छौं । कोभिड १९ को महामारी पछि यहाँ आइपुगेको यो पहिलो समूह हो । पीस कोर स्वयंमसेवकलाई स्वागत गर्दै पूर्व सेवाकालिन तालिम सुरु गर्न पाएकोमा हामीहरु धेरै खूसी छौ । हाम्रा दुई परियोजनाहरु खाद्य सुरक्षा र शिक्षामा सेवा पुऱ्याउन आएका २१ स्वयंसेवकहरु अहिले नेपाली भाषा र प्राविधिक सीप सिक्दैछन् र तीन महिने तालिम पछि आफनो कार्य क्षेत्रमा गएर सेवा गर्ने छन् ।

यो संस्करणमा हामी हाम्रा साझेदार नेपाली समुदाय, स्थानिय तहका कर्मचारी र विधालयहरु सितको सहकार्यको बारेमा जानकारी दिने छौं।

स्वयंमसेवकहरुको अनुपस्थितिमा यहाँहरुले पीस कोर प्रति देखाउँनु भएको माया र सदभावका लागि सम्पूर्ण नेपाली समुदाय र नेपाल सरकार प्रति आभार प्रकट गर्दछौं ।

ट्रोय कोफ्रोथ, राष्ट्रिय निर्देशक, पीस कोर नेपाल

## २०८औं पीस कोर स्वयंसेवकहरुको आगमन



*"पीस कोर र नेपाल सरकार बीच ६० वर्ष भन्दा लामो साझेदारी रहेको छ र तीन वर्ष पछि पीस कोर स्वयंसेवकहरु लाई स्वागत गर्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ ।*

*नेपालको ग्रामिण भेगमा रहेर त्यहाँको समुदायसंगं समन्वय गर्दै पीस कोर स्वयंमसेवकहरु काम गर्छन जसले गर्दा दुई देश बीचको सम्बन्ध अझ बढी सुधिढ बन्दै गएको छ ।"*

***जेसन मिक्स***
मिसन उप-प्रमुख
अमेरिकी दुतावास्

पीस कोर प्रशिक्षार्थीहरुले आफ्नो दुई वर्षे सेवाको तयारीका लागि काभ्रेपलान्चोक जिल्लामा ११ हप्ताको तालिम लिने छन् जस्मा भाषा, संस्कृति र प्राविधिक सीप सिकाइने छ ।

यो तालिम सकेपछि, शिक्षा, विज्ञान तथा प्रविधि, कृषि तथा पशुपन्छी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरुसंग गरिएको समन्वय बमोजिम गण्डकी र बाग्मती प्रदेशका पाँच जिल्लाहरुमा स्वयंसेवकलाई सरकारी विद्यालयमा अंग्रेजी पढाउन र समुदाय स्तरमा खाद्य सुरक्षा र स्वास्थ्यमा काम गर्न खटाइनेछन् ।

## पीस कोर

पीस कोर संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जोन एफ. केनेडीद्वारा सन १९६१ मा स्थापित भएको संस्था हो । यो स्वयंसेवकहरु, समुदायका सदस्यहरू, सम्बन्धित मुलुकका साझेदारहरू र कर्मचारीहरुको अन्तराष्ट्रिय संजाल हो जहाँ सिक्ने चाहना, प्रगति गर्ने इच्छा र सेवा गर्ने भावना विद्यमान हुन्छ । विश्वमा शान्ति तथा मित्रता प्रवर्दन गर्नु यो संस्थाको मूख्य उदेश्य हो ।

सन १९६२ देखि पीस कोर नेपालले नेपाल सरकारसंग साझेदारी गर्नुका साथै नेपाली समुदाय र व्यक्तिहरुसंग सहकार्य गर्दै आएको छ । नेपाल सरकारको निमन्त्रणामा आएका पीस कोरका स्वयंसेवकहरु समुदायका सदस्यहरुसंग मिलेर समुदायको प्राथमिकतामा राखिएका परियोजनाहरुमा काम गर्छन जसले गर्दा उनीहरु बिचमा सम्बन्ध निर्माण हुने , ज्ञान आदानप्रदान हुने र प्रभाव दिगो रुपमा पर्ने गर्दछ ।

विश्वमा शान्ति तथा मित्रता प्रवर्दन गर्न, विगत ६० वर्षमा करिब ४,००० अमेरिकीहरूले नेपालमा स्वयंसेवकको रुपमा काम गरिसकेका छन ।

## पीस कोर नेपालका परियोजनाहरु

पीस कोर नेपालमा हाल दुई वटा परियोजनाहरु संचालनमा रहेका छन् :

- शिक्षाका स्वयंसेवकहरु, कक्षा ४ देखि ८ सम्म ग्रामिण र अर्ध-सहरी क्षेत्रका सरकारी विद्यालयहरुमा अङग्रेजी भाषा सिकाउँछन् ।
- खाद्य सुरक्षाका स्वयंसेवकहरु, नेपाली समुदायसंग मिलेर साना कृषकहरुका खाद्य तथा पोषण सुधारमा काम गर्दछन् ।

# कार्यक्रम प्रगति विवरण (जनवरी - जुन २०२३)



**सरकार र समुदाय** : स्वयंसेवकहरुको आगमनको तयारीमा पीस कोर नेपालले सरकार र समुदायिक सरोकारवालाहरुसंग सम्बन्ध बिस्तारलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

- पीस कोर नेपालले यो अवधिमा १३ वटा व्यक्तिगत र भर्चुअल शत्रहरु सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा स्वयंमसेवक खटाइने समुदायका शिक्षकहरु, प्रधानाध्यापक, महिला स्वास्थ्य स्वयंसेवीका, स्थानीय तहका सरकारी प्रतिनिधिहरु र ग्रामीण कृषकहरु यी कार्यक्रममा सहभागी भएका थिए ।वहाँहरु स्वयंसेवकका स्थानीय समकक्षी र सुपरिवेक्षकको रुपमा सहकार्य गर्नु हुनेछ ।
- सरकारी अधिकारीहरुसँग सम्बन्ध विस्तार एवं सुध्रिढ गर्नका लागि प्रतिनिधित्वात्मक कार्यक्रम सञ्चालन गरियो ।



**भर्चुअल सर्भिस पाइलट कार्यक्रम (भि.एस.पी):** कोभिड १९ को समयमा स्वयंसेवकहरु नेपालमा नभएको बेला, पीस कोर नेपालले भर्चुअल सर्भिस पाइलट कार्यक्रम सुरु गरेको थियो जहाँ अमेरिकी नागरिकहरुले भर्चुअल इन्गेजमेन्ट मार्फत नेपाली समकक्षीहरुसंग सहकार्य गरेर हप्तामा ५-१५ घण्टा कक्षा संचालन गरेका थिए । सन् २०२२ मा १५ जना भि.एस.पी सहभागीले नेपालका २९ समकक्षीलाई भर्चुअल माध्यमबाट सेवा प्रदान गरेका थिए । हामीसंग हाल दुई भि.एस.पी सहभागीहरु चार स्कूलहरुसंग संलग्न छन् , जबकि एक खाद्य सुरक्षा भि.एस.पी जुन महिनाबाट सुरु हुनेछ । यस सम्बन्धमा थप जानकारी यो लिङ्कमा प्राप्त गर्न सक्नु हुन्छ ।



**कार्यस्थलको तयारी :** सरकार र सामुदायिक सरोकारवालाहरुसँगको समन्वयमा, पीस कोर नेपालले समूह २०८ र २०९ को लागि ७० भन्दा बढी कार्य क्षेत्रहरु छानिसकेको छ । समूह २०८ जुन २०२३ मा आइपुगेका छन् र अर्को समूह (२०९) जनवरी २०२४ मा आउने योजना रहेको छ । यी दुई समूहलाई काभ्रेपलाञ्चोक, स्याङ्जा, कास्की, गोरखा, सिन्धुली, लमजुङ, पर्वत, म्याग्दी, अर्घाखाँची र सुर्खेत जिल्लामा खटाइने छ । यी कार्य क्षेत्रहरु कार्यक्रमको आवश्यकता, सुरक्षा र चिकित्सा मापदण्ड र परम्परागत रुपमा सीमान्तकृत जनसंख्याको उपस्थिति जस्ता मापदण्डहरुको आधारमा निर्धारण गरिएको छ ।

**पीसकोर नेपालको अन्य प्राथमिकता :**

- **रेस्पोन्स कार्यक्रम** : पीस कोर नेपालले रेस्पोन्स कार्यक्रम संचालन गर्न स्विकृति पाएको छ । यस अन्तर्गत ४ देखि ६ जना रेस्पोन्स स्वयंसेवकहरु २०२४ मा र थप १२ जना रेस्पोन्स स्वयंमसेवकहरु २०२५मा नेपाल आउने भएका छन् । यस कार्यक्रमले पर्यटन प्रवर्दनद्वारा आर्थिक बिकास गर्ने, कृषि विश्व विद्यालयहरुमा कृषि सम्बन्धि अनुसन्धानको कार्यक्रमलाई बढवा दिने र सरकारी विद्यालायहरुमा सूचना प्रविधि प्रवर्धनमा सहयोग गर्नेछन् । थप जानकारीका लागि यो लिङ्कमा जानुहोला ।

- **वातावरण केन्द्रित कार्यक्रम:** नेपालमा जलवायु परिवर्तनको सम्भावित जोखिमलाई ध्यानमा राख्दै पीस कोर नेपालले अहिले विद्यमान परियोजनाहरु वा नयाँ परियोजना मार्फत वातावरण केन्द्रित कार्यक्रमहरु संचालन गर्ने लक्ष लिएको छ। यसै क्रममा अहिले सम्बन्धित मन्त्रालयहरु र पीस कोर वासिङ्गटन सँगको सहकार्यमा वातावरण परियोजनाको सम्भाव्यता अध्ययन भईरहेको छ । यसको स्वीकृति पाए लगत्तै हामी स्वयंसेवकहरुका लागि वातावरण केन्द्रित कार्यक्रमको ढाँचा र कार्य योजना निर्माण गर्ने छौ ।

## स्वयंसेवकबाट



पीस कोर स्वयंसेवक मिका उल्मेत (२०१९ २०२०) को कथा पढन यो लिङ्कमा जानुहोला ।

पीस कोर नेपाल
महाराजगञ्ज, चक्रपथ, काठमाडौं
फोन : +९७७ १ ४०१६०२७
ईमेल : infonepal@peacecorps.gov

हामीलाई फलो गर्न :